नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४४११४०७
(एक्सचेन्ज: ४४१९८०४/५/७)
फ्याक्स: ४४१४५५२
E-mail: merger@nrb.org.np
Web Site: www.nrb.org.np
पोष्ट बक्स: ७३

पत्रसंख्या : बैं.वि.नि.वि/मर्जर/२२/०७७/७८

मिति: २०७७/०९/२२

श्री आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा-१०, काभ्रेपलाञ्चोक ।

विषय : गाभ्ने गाभिने निवेदन रद्द गरी प्राप्ति गर्ने निवेदन सम्बन्धमा ।

महाशय,

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेडले सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडलाई गाभ्ने (Merger) प्रयोजनार्थ मिति २०७७/०६/०९ को संयुक्त पत्रबाट सैद्धान्तिक सहमतिको लागि यस विभागमा निवेदन प्राप्त हुन आएकोमा उक्त संस्थाहरुको सयुक्त मर्जर समितिको मिति २०७७/०९/०७ को बैठकको निर्णयले प्रारम्भिक सहमति पत्र रद्द गरेको जानकारी सहित त्यस संस्थाले देउराली लघुवित्त वित्तीय संस्था लिमिटेड र विपिडब्लु लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने सहमति गरी यस बैंकमा निवेदन पेश गरेको हुँदा "बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (चौथो संशोधन २०७५)" को विनियम ६ बमोजिम प्राप्ति प्रक्रियाको लागि संस्थाको शेयर रोक्का राख्न आवश्यक नरहेको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

भवदीय,

(मुक्तिनाथ सापकोटा)
निर्देशक

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड, जाउलाखेल, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लि., सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड ।
श्री शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड ।

# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
# Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बैं. इ. प्रा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८


प.सं. २०७७/०७८
च.नं.: आ.चौ./के.का./३३१

मितिः २०७७/०९/१५

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं

**बिषय :** शेयर कारोवार फुकुवा गर्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्था संचालक समितिको मिति २०७७/०९/१० मा बसेको बैठकको निर्णय अनुसार यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि., सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. र शालिग्राम लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने गाभिने (Merger) सम्बन्धी प्रारम्भिक सहमति पत्र (MOU) मा मिति २०७७/०६/०९ का दिन हस्ताक्षर भई मिति २०७७/०६/११ देखि यस वित्तीय संस्थाको साधारण शेयर कारोवार रोक्का रहेकोमा संयुक्त मर्जर समितिको मिति २०७७/०९/०७ को बैठकको निर्णय बमोजिम अन्य वित्तीय संस्थाहरुलाई पनि मर्जरमा साथै लैजाने सन्दर्भमा हामी बीच फरक-फरक धारणा आएकोले यथास्थितिमा मर्जरमा जान नसकिने भई आ-आफ्नै ढंगले मर्जरलाई अगाडी बढाउने गरी उक्त सहमति रद्ध गर्ने निर्णय भएकोले नेपाल राष्ट्र बैंकबाट सैद्धान्तिक सहमति ( LOI) को प्रक्रिया समेत अगाडी नबढेको हुँदा हालसम्म रोक्का रहेको यस वित्तीय संस्थाको साधारण शेयर कारोवार फुकुवा गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । साथै संयुक्त मर्जर समिति, संचालक समितिको निर्णय उतार यसैसाथ संलग्न गरिएको छ ।

भवदीय,

............................
(लक्ष्मण घिमिरे)
प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ**

१. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाडौ
२. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर

# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.

क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बैं. इ. प्रा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"


## आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड संचालक समितिको मिति ०७७/०९/०८ गते बसेको ९५ औं बैठकको निर्णय नं.५ को निर्णय उतार

**निर्णय नं ५. रोक्का भएको साधारण शेयर कारोबार फुकुवा गर्ने सम्बन्धमा।**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि., सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. र शालिग्राम लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने गाभिने (Merger) सम्बन्धी प्रारम्भिक सहमति पत्र (MOU) मा मिति २०७७/०६/०९ का दिन हस्ताक्षर भई मिति २०७७/०६/११ का दिनदेखि रोक्का रहेकोमा संयुक्त मर्जर समितिको मिति २०७७/०९/०७ मा बसेको बैठकको निर्णय अनुसार अन्य वित्तीय संस्थाहरुलाई पनि मर्जरमा साथै लैजाने सन्दर्भमा हामी बीच फरक-फरक धारणा आएकोले यथास्थितिमा मर्जरमा जान नसकिने भई आ-आफ्नै ढंगले मर्जरलाई अगाडी बढाउने गरी सहमति रद्ध गर्ने निर्णय भए बमोजिम यस वित्तीय संस्थाले अन्य वित्तीय संस्थाहरुलाई प्राप्ति गर्ने नयाँ सहमति गरी नेपाल राष्ट्र बैंक समक्ष पेश गर्ने हुँदा हाल रोक्का रहेको साधारण शेयर कारोबार फुकुवा गर्न नेपाल स्टक एकसचेञ्ज लि.मा अनुरोध गर्ने तथा अन्य नियामक निकायहरुलाई जानकारी गराउने निर्णय गरियो।

निर्णय उतार प्रमाणित गर्ने

लक्ष्मण घिमिरे
कम्पनी सचिव

# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
## Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

क. द. नं. १३३७८५/०७१/०७२
ने. रा. बैं. इ. प्रा. नं. घ ४५/०७२/७३
पान नं. ६०२४८८६२८


**आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड संचालक समितिको मिति ०७७/०९/०८ गते बसेको ९५ औं बैठकको निर्णय नं.१ को निर्णय उतार**

**निर्णय नं. १. मर्जर (Merger) सम्बन्धी प्रारम्भिक सहमति पत्र (MOU) रद्द भएको सम्बन्धमा।**
प्रस्ताव नं. १ माथि छलफल हुँदा यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि., सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. र शालीग्राम लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने गाभिने (Merger) सम्बन्धी प्रारम्भिक सहमति पत्र (MOU) मा मिति २०७७/०६/०९ का दिन हस्ताक्षर भएको र सो मर्जर कार्यका लागि गठीत "संयुक्त मर्जर समिति"को मिति २०७७/०९/०७ मा बसेको बैठकको सिफारिश अनुसार थप संस्थाहरुलाई पनि मर्जरमा समावेस गर्ने सम्बन्धमा आपसमा फरक फरक धारणा आएकोले यथास्थितिमा मर्जरमा जान नसकिने भएको हुंदा आआफ्नै किसिमले नयां सम्झौता गरी नेपाल राष्ट्र बैंकमा पेश गर्ने गरी तीन वटा संस्थाले मिति २०७७/०६/०९ मा गरेको सहमति सहमति पत्र (MOU) रद्द गर्न सिफारिस भए बमोजिम सो प्रारम्भिक सहमति पत्र (MOU) भंग गर्ने संयुक्त मर्जर समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै तीन वटा वित्तीय संस्था एक आपसमा मर्जर गर्न सैद्धान्तिक सहमतिकालागि यस पूर्व नेपाल राष्ट्र बैंक समक्ष पेश गरिएको संयुक्त निवेदन फिर्ता लिने निर्णय समेत गरियो । सो को जानकारी नियामक निकायहरुमा गराउने निर्णय गरियो ।

निर्णय उतार प्रमाणित गर्ने

..................
लक्ष्मण घिमिरे
कम्पनी सचिव

## बैठक नं. ४

आज मिति २०७७पौष७ गते मंगलबारका दिन दिउँसो११.०० बजे आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, बनेपा न.पा. १०,काभ्रेपलाञ्चोक, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड, बागलुङ्ग न.पा. ३, बागलुङ्ग र शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेड, बेनी न.पा. ७, म्याग्दी बीच एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा भएको सम्झौता बमोजिम गठित संयुक्त मर्जर समितिको चौथो बैठक अनामनगर, काठमाडौंमा समितिका संयोजक श्री डोलिन्द्र प्रसाद शर्माज्यूको संयोजकत्वमा देहायका सदस्यहरुको उपस्थिति र प्रस्तावहरु उपर छलफल गर्न बैठक बस्यो ।

उपस्थिति :

| | | |
|---|---|---|
| १. श्री डोलिन्द्र प्रसाद शर्मा | - संयोजक(द्वितीय पक्ष) | |
| २. श्री सन्तोष पोखरेल | - सदस्य(प्रथम पक्ष) | |
| ३. श्री केशवराज पन्थी | - सदस्य(प्रथम पक्ष) | |
| ४ श्री दिपक कुमार बुढाथोकी | - सदस्य(प्रथम पक्ष) | |
| ५. श्री अमृत प्रसाद उपाध्याय | - सदस्य(द्वितीय पक्ष) | |
| ६. श्री सन्तोष रावल | - सदस्य(द्वितीय पक्ष) | |

प्रस्तावहरु :

प्रस्ताव नं. १:प्रारम्भिक सहमति रद्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ : जिम्मेवारी लिने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : बैंक खाता बन्द गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : संयुक्त मर्जर समिति विघटन गर्ने सम्बन्धमा ।

निर्णय : १

प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा हामी तीनवटै पक्ष आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडले एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा मिति २०७७/०६/०९ गते प्रारम्भिक सहमति पत्र(MOU)मा हस्ताक्षर गरी सैद्धान्तिक सहमतिदिन स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा पेश गरिएकोमा नेपाल राष्ट्र बैंकवाट हालसम्म सैद्धान्तिक सहमति पाप्त नभएको र यस अवधिमा थप नयाँ लघुवित्त संस्थाहरुलाई समेत थप गरी अर्को सहमति कायम गरेर नयाँ प्रारम्भिक सहमति (MOU)गर्ने सम्बन्धमा हामी बीचमा फरक फरक धारणा आएको हुँदा यथास्थितिमा मर्जरमा जान नसक्ने भएकोले आ-आफ्नो किसिमले नयाँ सम्झौता गरी नेपाल राष्ट्र बैंकमा पेश गर्ने गरी हामी तीनवटै लघुवित्तीय संस्थाले मिति २०७७/०६/०९ गते गरेको प्रारम्भिक सहमति पत्र (MOU) रद्द

गर्ने निर्णय गरी अनुमोदनका लागि आ-आफ्ना संस्थाको सञ्चालक समिति समक्ष सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय : २

प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा हामी तीनवटै पक्ष आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडले एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा मिति २०७७/०६/०९ गते गरेको प्रारम्भिक सहमति-पत्र(MOU) रद्द गर्ने निर्णय गरेको हुँदा यस मर्जर समितिले हालसम्म गरेको खर्च अनुमोनदन गर्दै आ-आफ्नो संस्थाको तर्फबाट रु. ३,००,००० (अक्षरुपी तीन लाख) का दरले खातामा जम्मा रहेको रकम रु. ९,००,०००।- (अक्षरुपी नौ लाख) मध्ये तीन वटा बैठकबाट भएको खर्च रु. ४५,९००।- (अक्षरुपी पैतालिस हजार नौ सय) घटाई बाँकी रकम दामासाहीले रु. २,८४,७०० (अक्षरुपी दुई लाख चौरासी हजार सात सय) सम्बन्धी संस्थाको नाममा जम्मा गर्न चेकबाट प्रदान गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय : ३

प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा हामी तीनवटै पक्ष आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडले एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा मिति २०७७/०६/०९ गते गरेको प्रारम्भिक सहमति पत्र(MOU) रद्द गर्ने निर्णय गरिएको हुँदा यस संयुक्त मर्जर समितिको नाममा ग्लोबल आईएमई बैंक लिमिटेड, अनामनगर काठमाडौंमा खोलिएको खाता नं. ३९०१०५०००००७०४ बन्द गर्ने निर्णय गरियो।

निर्णय : ४

प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा हामी तीनवटै पक्ष आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड, सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र शालिग्राम लघुवित्त वित्तीय संस्था लिमिटेडले एक आपसमा गाभ्ने गाभिनेसम्बन्धमा यथास्थितीमा मर्जरमा जान नसकिने भई मिति २०७७/०६/०९ गते गरेको प्रारम्भिक सहमति पत्र(MOU) रद्द गर्ने निर्णय गरिसकिएकोलेयस मर्जर समितिको औचित्य नरहेको हुँदा मिति २०७७/०६/०९ गते गरेको प्रारम्भिक सहमति पत्र (MOU) बमोजिम गठीत यस संयुक्त मर्जर समिति विघटनका लागि आ-आफ्ना संस्थाको सञ्चालक समिति सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

विविधमा छलफल गर्नका लागि अन्य प्रस्तावहरु नरहेकोले हालसम्म मर्जरको कार्यमा सहयोग गर्नुहुने सर्व पक्षलाई धन्यवाद ज्ञापन गर्दै संयोजकज्यूले बैठक अन्त्य भएको जानकारी गराउनु भयो ।